


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन १ गते शुक्रबार ❑ 16 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## दुई खर्ब ९३ अर्बले चालू खाता घाटामा

**काठमाडौं**
**रासस, ३१ असार**

चालू आर्थिक वर्षको पहिलो ११ महिनामा चालू खाता रु दुई खर्ब ९३ अर्ब ९७ करोड घाटामा छ।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको विवरणअनुसार गत आवको सोही अवधिको तुलनामा चालू खाता घाटामा वृद्धि भएको हो। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु ६२ अर्ब ५९ करोडले घाटामा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ५७ करोड ८५ लाखले घाटामा रहेको चालू खाता समीक्षा अवधिमा दुई अर्ब ५१ करोडले घाटामा रहेको छ।

यस्तै सो अवधिमा पूँजीगत ट्रान्सफर ८.४ प्रतिशतले वृद्धि भई रु १४ अर्ब १५ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी १३.४ प्रतिशतले कमी आई रु १६ अर्ब २० करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु १३ अर्ब पाँच करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु १८ अर्ब ७२ करोड रहेको थियो।

यस्तै शोधनान्तर स्थिति रु १५ अर्ब १५ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु एक अर्ब ७९ अर्ब ३७ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब ५० करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १४ करोड आठ लाखले घाटामा रहेको छ। केन्द्रीय बैंकका अनुसार २०७७ असार मसान्तमा रु १४ खर्ब एक अर्ब ८४ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति २.६ प्रतिशतले कमी आई गत जेठ मसान्तमा रु १३ खर्ब ६५ अर्ब ६५ करोड कायम भएको छ। अमेरिकी डलरमा विदेशी यस्तो सञ्चिति २०७७ असार मसान्तमा ११ अर्ब ६५ करोड रहेकामा २०७८ जेठ मसान्तमा ०.६ प्रतिशतले वृद्धि भई ११ अर्ब ७१ करोड पुगेको छ। कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७७ असार मसान्तमा रु १२ खर्ब २६ अर्ब १२ करोड रहेकामा २०७८ जेठ मसान्तमा २.३ प्रतिशतले कमी आई रु ११ खर्ब ९७ अर्ब ६५ करोड कायम भएको छ । बैंक तथा वित्तीय संस्थामा रहेको विदेशी विनिमय सञ्चिति २०७७ असार मसान्तमा रु एक खर्ब ७५ अर्ब ७१ करोड रहेकामा गत जेठ मसान्तमा ४.४ प्रतिशतले कमी आई रु एक खर्ब ६८ अर्ब कायम भएको छ। बैंकका अनुसार गत जेठ मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४.६ प्रतिशत रहेको छ।

चालु आवको ११ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ११.१ महिनाको वस्तु आयात र १०.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिने केन्द्रीय बैंकको विवरणमा उल्लेख छ।

## सांसद बरालको पहलमा कास्की निर्वाचन क्षेत्र नम्बर ३(१) मा परेका योजनाहरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असार**

गण्डकी प्रदेश सभा सदस्य (सांसद) रामजी प्रसाद बराल जीवनको पहलमा कास्की निर्वाचन क्षेत्र नम्बर ३ (१) मा करिब ६६ भन्दा बढी योजनाहरु परेका छन्। आर्थिक बर्ष २०७८/०७९ को लागि पोखरा महानगरकाका ६ र कास्कीको माछापुच्छ्रे गाउँपालिकाका ९ वटा वडाहरुमा करिब ६६ वटा योजना परेको श्रोतको दाबी छ।



अघिल्लो बर्ष र चालु आर्थिक बर्ष २०७७/०७८ मा कोभिड–१९ को कारण प्रदेश सरकार समेत कोरोना केन्द्रित हुदा त्यसको बाबजुत पनि केही योजना परेकोमा त्यसलाई नयाँ आर्थिक बर्ष सुरु भएसँगै कान्यवन गर्नुपर्ने सांसद बरालको भनाई छ। सांसद बरालले पेश गरेका योजनाहरु मध्य सामान्यतया ५ लाख देखि ३ करोड ५७ लाखसम्मका योजनाहरु कान्वयन हुने गरी बजेट समेत सुनिश्चित भएका छन्। पोखरा का १, २, ३, १८, १९ र २५ का ६ वटा वडाहरुमा करिब साँढे ८ करोड बराबरका योजनाहरु परेका छन भने अन्य १८ करोडका योजना माछापुच्छ्रे गाउँपालिकाका १ देखि ९ वटा वडामा जनताको आवश्यकताको आधारमा योजनाहरु परेको सांसद बरालले जनाए। केही योजना यस बर्ष थपिएका छन भने केही क्रमागत योजनाहरु रहेका छन्। कृषि सहितका केही मन्त्रालयको योजना हाल पनि छनौट चरणकै क्रममा रहेको श्रोतको दाबी छ।

सांसद बरालको अधिकांश बजेट भौतिक पूर्वाधार सडक पुल तथा बाटो निर्माणमा बढी योजना रहेका छन भने खानेपानी र सिंचाई समेत समेटिएका छन्। माछापुच्छ्रे रिवान खहरे खोला सडक पुल निर्माणको लागि सबै भन्दा ठुलो योजना ३ करोड ५७ लाख ५० हजार रुपैयाको रहेको सांसद बरालले जनाए। त्यसै गरी वानेटाकुरा हुदै गाँउपालिकाको भवन जोड्ने बाटोमा २ करोड, माछापुच्छ्रे गाँउपालिका केन्द्र जोड्ने सादीखोला घाचोक सडक पुल निर्माणको लागि २ करोड ५० लाख बजेट विनियोजन भएको छ।

कास्की निर्वाचन क्षेत्र नम्बर ३ (१) मा बजेट विनियोजन भएका योजनाहरु पोखरा १८ र ५, मेथ्लाङ–जरेवर सडक स्तरोन्नती, पोखरा १९, पुरुन्चौर कृषि क्याम्पस सडक स्तरोन्नती, पोखरा १९, भारतीय भवन स्कुल देखि साविक गाविस, भवनसम्म सडक स्तरोन्नति, पोखरा १९ छमछमे मुहानदेखि डाँडा खेलकुद मैदान सडक लामाचौर आचार्यथर, पोखरा १९ को लप्सी टाकुरा देखि तल्लो कुसिम मोटरबाटो स्तरोन्नति, पोखरा १९ पुरुन्चौर भारतीय भवन डाँडा मोटरबाटो, पोखरा १८, मेथ्लाङ रानी स्वाँरा सोठी सडक रहेको छ। त्यस्तै पोखरा १९, सेतीनदीको भिरमा तारबार र फुट्ट्याक निर्माण, पोखरा २५, हेमजा उपल्लो टिमुरेचौर फोलुङे पुल निर्माण, पोखरा १९, मरेबारी वारीखेत पुरानो खोला, घार्मी,

पोखरा १९, काउरे पोखरी देखि नेट्टाको पोखरी सडक स्तरोन्नती, पोखरा१८ को मेथ्लाङरानीश्वारासेती कनेक्टिङ सडक निर्माण, पोखरा १८, जनमैत्रि मार्ग सडक योजना, पोखरा १९, लामाचौर देखि पुरुन्चौर हुदै सादीखोलासम्म सडक, पोखरा १, ३ सेतीनदी तटवन्द तथा तुलसीघाट व्यवस्थापन योजना रहेको छ। त्यस्तै पोखरा २५, सुइखेतखोला नियन्त्रण कार्य, पोखरा २५, हेमजा सिंचाई प्रणाली , पोखरा १९, काउरे खोला नियन्त्रण कार्य, पोखरा १८, सेती बगर खानेपानी आयोजना पोखरा १८, लामागाँउ खानेपानी ट्याङकी आयोजना, पोखरा ३, नारायणथान खानेपानी आयोजना, पोखरा ३, शाहीटोल ६ इन्चको पाइप लाइन थप विस्तार, पोखरा २५, नेवारेखोला भ्काकियान खानेपानी आयोजना पोखरा २५, जलेश्वर महादेव खानेपानी आयोजना,पोखरा १८, तोरीपानी बोरिङ खानेपानी आयोजना पोखरा १८, थ्यारजाती लिफ्टीङ खानेपानी आयोजना रहेको छ।

त्यसै गरी कास्की क्षेत्र नम्बर ३ (१) मा पोखरा ३, धर्मशिला बुद्ध विहार भवन निर्माण, तेर्सापट्टि, पोखरा ३, नारायणथान मन्दिर नदीपुर, पोखरा १, सरस्वती मन्दिर निर्माण, पोखरा १९, ठुली पोखरी शहरडहर हुदै अकला मन्दिर सडक योजना पोखरा ३, कास्की नेवाः संग्रहाल, पोखरा १८, लामागाँउ पिपलडाँली खेद मैदान निर्माण योजना रहेको छ । त्यसै गरी पोखरा १९, पुरुन्चौर गणेशमान स्मृती भवन, पोखरा १९, सर्वेश्वर शिवालयमा जेष्ठ नागरिक केन्द्र निर्माण लामाचौर तथा पोखरा १९, पैयू ठुलो खोला तल्लाकोट ठाटी आयोजना आउदो बर्षको लागि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## उद्योग व्यवसाय उकास्न सरकारले आवश्यक सहयोग गर्छ : प्रम देउवा

**काठमाडौं**
**रासस, ३१ असार**



प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले कोभिड–१९ले असर पारेको समग्र उद्योग व्यवसाय र अर्थतन्त्रको कमजोर अवस्थालाई माथि उठाउन सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

नेपाल उद्योग वाणिज्य महासङ्घका पदाधिकारीसँगको भेटवार्तामा बिहीबार उनले कोभिड–१९ ले अर्थतन्त्रमा पारेको असर र सुधारका विषयमा छलफल गर्दै कोरोनाले अर्थतन्त्रमा पारेको असरलाई लयमा फर्काउन प्रयासरत रहेको उल्लेख गरे। प्रधानमन्त्री देउवाले निजी क्षेत्रलाई निर्धक्क काम गर्न अनुरोधसमेत गरे। महासङ्घका अध्यक्ष शेखर गोल्छा नेतृत्वको प्रतिनिधिमण्डलले थिलोथिलो भएको मुलुकको उद्योग व्यवसाय र अर्थतन्त्रलाई माथि उठाउन, तत्काल यो क्षेत्रलाई कोभिड खोपमा पहिलो प्राथमिकतामा राख्न, बजेटमा समेटिएका निजी क्षेत्रका लागि ल्याइएका कार्यक्रमको प्रभावकारी कार्यान्वयनलगायत विषयमा सरकारको ध्यानाकर्षण गराएको थियो। अध्यक्ष गोल्छाले आफूहरुले दिएका सुझाव बजेटमा पनि समेटिएका, मौद्रिक नीतिका लागि पनि सुझाव दिएको र तीनको प्रभावकारी कार्यान्वयन चाहेको उल्लेख गर्दै त्यसमा सरकारबाट सहयोगको अपेक्षा गरेको बताए। महासङ्घको प्रतिनिधिमण्डलले आजै अर्थमन्त्री जनार्दन शर्मालाई पनि भेटेर आफ्ना माग र सुझावबारे ध्यानाकर्षण गराएको थियो। सो अवसरमा अर्थमन्त्री शर्माले निजी क्षेत्रलाई खोपलगायत अन्य आवश्यक कार्यमा आफ्नोतर्फबाट सक्दो सहयोग रहने प्रतिबद्धता जनाएका थिए। साथै उनले निजी क्षेत्रसँग नजिकमा रहेर कार्य गर्ने विश्वास दिलाउँदै महासङ्घले दिएका सुझाव कार्यान्वयनमा सहयोग गर्ने र आगामी सहकार्यका लागि छिट्टै विस्तृत छलफल गर्ने आफ्नो योजना रहेको बताएका थिए।

भेटमा महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, उपाध्यक्षहरू दिनेश श्रेष्ठ, अञ्जन श्रेष्ठ र रामचन्द्र सङ्घई सहभागी रहेका थिए।

## थप दुई हजार ६७६ जनामा कोरोना, ३३ को मृत्यु

**काठमाडौं**
**रासस, ३१ असार**

पछिल्लो २४ घण्टामा थप दुई हजार ६७६ जनामा कोरोना भाइरस (कोभिड–१९) सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार आठ हजार २५६ जनाको पिसिआर तथा चार हजार ५१२ जनाको एन्टिजेन परीक्षण गरिएकामा क्रमशः एक हजार ७८२ र ८९४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

यस अवधिमा देशभर ३३ जना सङ्क्रमितको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। हालसम्म नेपालमा नौ हजार ४६३ जना सङ्क्रमितको मृत्यु भएको छ। त्यस्तै देशभर एक हजार ७५७ जना उपचारपछि निको भएर घर फर्किएका छन्।

नेपालमा सङ्क्रमितको निको हुने दर ९४ दशमलव ६ प्रतिशत छ। नेपालमा हालसम्म छ लाख २६ हजार ४६८ जना सङ्क्रमित निको भइसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

## संसद्को अधिवेशन आइतबार

**काठमाडौं**
**रासस, ३१ असार**

राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रिपरिषद्को आजका सिफारिशमा आगामी साउन ३ गते सङ्घीय संसद्का दुवै सदनको अधिवेशन आह्वान गर्नुभएको छ।


नेपालको संविधानको धारा १५७ को उपधारा (१) बमोजिम नेपाल सरकारका सिफारिशमा आइतबार अपराह्न ४ बजे अन्तरराष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा प्रतिनिधिसभा र राष्ट्रियसभाको अधिवेशन आह्वान गरिएको राष्ट्पतिको कार्यालयले जनाएको छ।

## 'सहज कर्जा पाउने वातावरण बनाऊ'

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असार**

पोखरा उद्योग वाणिज्य संघअन्तर्गतको घरेलु उद्योग तथा हस्तकला उपसमितिले घरेलु तथा हस्तकला उद्योगमा आवद्ध व्यवसायीहरुलाई सहज तरिकाले कर्जा पाउने वातावरण निर्माण हुनुपर्नेमा जोड दिएको छ।

उपसमितिका संयोजक पवित्रादेवी गुरुङको अध्यक्षतामा सम्पन्न बैठकले खासगरी महिलाले संचालन गरेका यस्ता व्यवसायमा कर्जा प्रवाह सहज बनाउन सरोकारवाला निकायहरु गुहार्ने निर्णय पनि गरेको छ। बैठकले हस्तकला तथा घरेलु उद्योग संघसँग आवद्ध तथा यो व्यवसायमा संलग्न महिला व्यवसायीहरुलाई एकजुट बनाउने, गुणस्तरीय तथा प्रतिष्पर्धी उत्पादनको लागि आवश्यक पर्ने तालीमको आयोजना गर्ने,तथा फर्निचर,कृषि, मेटल व्यवसायमा संलग्न महिलाहरुलाई पनि उपसमितिमा आवद्ध गराउने जनाएको छ। बैठकले महिला उद्यमीहरुको लागि कोभिडविरुद्धको खोप उपलब्ध गराउन सरकारसँग माग पनि गरेको छ। पोखरा उद्योग वाणिज्य संघअन्तर्गत गठित उपसमितिको संयोजकमा संघकी कार्यसमिति सदस्य पवित्रादेवी गुरुङ संयोजक तथा कार्यसमितिकी सदस्य शोभा गौतम सहसंयोजक रहेकी छन्। कार्यसमिति सदस्य कुमारी मुना बास्तोलासहित चन्द्रा शर्मा,राधा श्रेष्ठ,योगाकुमारीगौतम,पार्वतीकुमारी शर्मा,सुनकुमारी गुरुङ,सरा बोगटी, सुशीला खनाल, मत्ता गुरुङ र सुन्ती पुर्जा सदस्य रहेको सो उपसमितिको सल्लाहकारमा दीनेश आचार्य, विन्दु कोइराला सुवेदी, चिनुकुमारी गुरुङ,सीता गुरुङ, गंगा कुँवर, सीता बराल, रामकली खड्का र मीनाकुमारी पराजुली रहेका छन्।

# रोटरी मिडटाउनको पदस्थापना सम्पन्न अध्यक्षमा शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असार**

रोटरी क्लव अफ पोखरा मिडटाउनको २०औ पदस्थापना कार्यक्रम बिहिबार बिशेष कार्यक्रमका बीच सम्पन्न भयो।

कार्यक्रममा डिष्ट्रिक असिस्टेण्ट गभर्नर माधब सिग्देलले बर्ष २०२१/२२ का अध्यक्ष दिलिप शर्मा लगायत समितिका पदाधिकारी एवं सदस्यहरूलाई सपथ खुवाएर पदस्थापन गराएका थिए। यस अघि वर्ष २०/२१ का अध्यक्ष जयमोहन भट्टराईले ग्यवेल र ह्यामर दिएर शर्मालाई अध्यक्षको पद हस्तान्तरण गरेका थिए। प्रारम्भमा भट्टराई र त्यसपछि शर्माको सभापतित्वमा भएको पदस्थापन कार्यक्रममा प्रमुख अतिथि डिष्ट्रिक ३२९२ का प्रेशिडेण्ट ईलेक्ट जितेन्द्र बहादुर राजभण्डारीले समारोहको उद्धाटन




गर्दै रोटरियनहरूले आफुसककग भएको समय, दक्षता र आर्थिक सहयोग समाज सेवामा लगाउनु पर्ने बताए।

कार्यक्रममा बिशेष अतिथि पूर्व डिष्ट्रिक्ट गभर्नर किरणलाल श्रेष्ठले आफ्नो पालामा डिष्ट्रिक्टलाई छैटौ स्थानमा पुर्याएको बताए। कार्यक्रममा क्लबमा नयकका सदस्यको रूपमा प्रवेश गरेकी डिकी कीर्की,थान बहादूर क्षत्री र क्षेत्र बहादुर बराललाई असिस्टेण्ट गभर्नर माधब सिग्देलले गोपनियताको सपथ खुवाउनुभएको थियो। कार्यक्रमको सन्चालन क्लवका सोनी ढेवाजु र डा.पबिन थापाले गरेका थिए।

सोही अबसरमा क्लबले सदस्य डा. भोजराज पोखरेलका ९१ बर्षिय बयोबृद्व माता पितालाई सम्मान गरेको छ। सो सम्मान कार्यक्रम पूर्व अध्यक्ष रामचन्द्र पौडेलले गरेका थिए।

यसैगरि स्नातक तह, कक्षा १२ र एसईई उतिर्ण गरेका ९ जना सदस्यका छोरा छोरीलाई सम्मान गरिएको थियो। उक्त कार्यक्रम क्लवका पूर्व अध्यक्ष पूरन ककुबरले गरेका थिए।

यस अघि उद्घघाटन कार्यक्रमा सदस्य द्वय कौशल्या गुरूङ र शान्ति श्रीसले स्वागत गान र अन्तमा मुना बककास्तोलाले टोष्ट प्रस्ताब प्रस्तुत गर्नुभएको थियो। समारोहको सन्चालन सचिब उपेन्द्र पौडेलले गर्रेका थिए भने स्वागत क्लवका प्रेसिडेण्ट ईलेक्ट रबीन्द्रनाथ बाँस्तोलाले गरेका थिए।



खोप लगाउन भीडः पोखरा महानगरपालिका-६ तालबाराही विद्यालय परिसरमा चाइनिज भेरोसेल खोप लगाउन भीड। तस्वीरः राधिका कँडेल, रासस

# उपभोक्ता मुद्रास्फिति ४.१९ प्रतिशतमा सीमित

**काठमाडौं**
**रासस, ३१ असार**

चालु आर्थिक वर्षको ११औं महिनामा उपभोक्ता मुद्रास्फिति ४.१९ प्रतिशत रहेको छ।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको विवरणअनुसार २०७७ जेठमा ४.५४ प्रतिशत रहेको उपभोक्ता मुद्रास्फिति गत जेठमा ०.३५ प्रतिशतले घटेर ४.१९ कायम भएको हो।

केन्द्रीय बैंकका अनुसार गत जेठ मसान्तमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फिति ६.२२ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फिति २.६३ प्रतिशत रहेको छ। विसं २०७७ जेठको तुलनामा २०७८ जेठमा घ्यू तथा तेल, सुर्तीजन्य पदार्थ, गैर-मदिराजन्य पेय पदार्थ र यातायात उपसमूहको मूल्यवृद्धि क्रमशः ३०.९८ प्रतिशत, ९.८४ प्रतिशत, ९.८१ प्रतिशत र ९.७० प्रतिशत रहेको छ। समीक्षा अवधिमा तराई क्षेत्रमा मूल्यवृद्धि बढी देखिएको छ। बैंकका अनुसार जेठमा काठमाडौं उपत्यकामा ३.८७ प्रतिशत मुद्रास्फिति रहँदा तराईमा भने ४.४७ प्रतिशत छ।

यस्तै पहाडमा ४.३२ प्रतिशत र हिमालमा १.७२ प्रतिशत मुद्रास्फिति रहेको छ। विसं २०७७ जेठमा यी क्षेत्रमा क्रमशः ४.४३ प्रतिशत, ४.८६ प्रतिशत, ४.१३ प्रतिशत र ४.३४ प्रतिशत मुद्रास्फिति थियो।

# टोकियो ओलम्पिकमा सहभागी हुने नेपाली टोलीलाई राष्ट्रपतिद्वारा बिदाइ

**काठमाडौं**
**रासस, ३१ असार**

राष्ट्रपति विद्यादेवी भण्डारीले जापानको राजधानी टोकियोमा आयोजना हुने ३२औँ ग्रीष्मकालीन ओलम्पिक खेलमा सहभागिता जनाउने नेपाली टोलीलाई बिदाइ गर्नुभएको छ।

राष्ट्रपति भवन शीतल निवासमा आज आयोजित कार्यक्रममा उहाँले सफलताको शुभकामना दिएर नेपाली टोलीलाई बिदाइ गर्नुभयो। सो अवसरमा उहाँले नेपाली टोलीको सेफ द मिसन रहनुभएका राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव रमेशकुमार सिलवाललाई राष्ट्रिय झण्डा हस्तान्तरण गर्नुभयो। टोकियो ओलम्पिकमा नेपालबाट पाँच खेलाडी र चार प्रशिक्षकसहित २६ सदस्सीय टोलीले सहभागिता जनाउने छ।

टोकियो ओलम्पिकमा पौडीमा गौरिका सिंह र एलेक्स शाह, एथलेटिक्समा सरस्वती चौधरी, सुटिङमा कल्पना परियार र जुडोमा सोनिया भट्टले प्रतिस्पर्धा गर्नुहुनेछ। सिंह दोस्रो पटक ओलम्पिक खेल्न लाग्नुभएको हो। अन्य चार खेलाडी पहिलो पटक ओलम्पिकमा सहभागी बन्दै हुनुहुन्छ। सिंहले पहिलो पटक सन् २०१६ मा रियो ओलम्पिकमा सहभागिता जनाउनुभएको थियो। नेपालमा आयोजित १३औँ दक्षिण एसियाली खेलकूद (साग)मा सिंहले पौडीमा चार स्वर्ण, दुई रजत र तीन कांस्य पदक प्राप्त गर्नुभएको थियो। सिंहले महिला १०० सय मिटर फ्रि स्टाइल तथा शाहले पुरुष १०० मिटर फ्रि स्टाइलमा प्रतिस्पर्धा गर्नुहुनेछ। यसैगरी परियारले महिला १० मिटर एयर राइफल, भट्टले महिला ४८ किलो तौल समूह तथा चौधरीले महिला १०० मिटर दौडमा सहभागिता जनाउनुहुनेछ। टोकियो ओलम्पिकमा प्रशिक्षकमा पौडीका शङ्कर कार्की, सुटिङमा असिम यादव, जुडोमा सूर्यनारायण श्रेष्ठ र एथलेटिक्समा इन्द्रकुमारी मल्लको सहभागिता रहनेछ।

ओलम्पिकको उद्घाटन समारोहमा सिंह र शाहले संयुक्त रुपमा नेपालको झण्डा बोक्नुहुनेछ। टोकियो ओलम्पिक आगामी साउन ८ देखि २४ गतेसम्म सञ्चालन हुनेछ।

## सांसद...

बजेट सहित योजना परेको हो। त्यसै गरी कास्कीको माछापुच्छ्रे, ३ दौतरी पाटन माझ पाटन सोर पाटन सडक योजना, माछापुच्छ्रे, पिपलडाली, देउराली खानेगाँउ सडक योजना, माछापुच्छ्रे, १ धिप्राङ रुम्जा मोटर बाटो स्तरोन्नती, माछापुच्छ्रे, ५ समिबगर कुइवाङ हुदै गण्डकी हाइड्रोपावर सडक योजना, माछापुच्छ्रे, घलेल कुइवाङ मर्दीखोला सडक योजना, माछापुच्छ्रे २, सार्दीखोला बाँझोखेत देउराली कालचोक भुजुङखोला सडक ४० लाख, माछापुच्छ्रे, हेमजा–मेलवोट धिताल भम्पुस ल्वाङ घलेल सडक, माछापुच्छ्रे गाँउपालिका र पोखरा महानगर जोड्ने मुर्दीपुलदेखि वानेटाकुरा हुदै गाँउपालिकाको भवन जोड्ने, माछापुच्छ्रे गाँउपालिका केन्द्र जोड्ने सार्दीखोला घाचोक सडक पुल, माछापुच्छ्रे रिवान खहरे खोला सडक पुल रहेका छन्। रातो कितावमा बजेका योजनाहरु मध्य माछापुच्छ्रे ३, लस्तीखोला मुल्वेसी सिंचाई योजना, माछापुच्छ्रे मर्दीखोला तटबन्दन कार्य, माछापुच्छ्रे २, चौरा सिंचाई योजन ा माछापुच्छ्रे २, टारवेशी सिंचाई योजना, माछाछापुच्छ्रे २, सार्दीखोला सिंचाई योजना माछापुच्छ्रे मर्दीखोला तटबन्दन कार्य, मर्दीखोला तटबन्दन जरेबगर देखि पातीखोला दोभान, माछापुच्छ्रे २, घट्ट कुलो सिंचाई आयोजना,माछापुच्छ्रे ८, नसौर खोला आयोजना, माछापुच्छ्रे ५, पातर स्यो नुनथला ठुलो खेल सिंचाई योजना रहेका छन। त्यसै गरी माछापुच्छ्रे ८ र ९ को ल्वाङ घलेल खानेपानी आयोजना, माछापुच्छ्रे ६, धिताल खानेपानी आयोजना, माछापुच्छ्रे ३, घाचोक खानेपानी आयोजना, माछापुच्छ्रे ४, ५ को लाहाचोक रिभान रोका खोला, खानेपानी आयोजना, माछापुच्छ्रे १, खानेपानी आयोजना माछापुच्छ्रे ७, खानेपानी आयोजना, माछापुच्छ्रे ९, प्रम्धु तत्रो खानेपानी आयोजना, माछापुच्छ्रे २ देवि देउराली मन्दिर मर्मत संहार, माछापुच्छ्रे २, बाराही आधारभूत मावि स्तरोन्नती खाँदरजुङ रहेका छन्। प्रदेश सरकारले यस बर्ष सानो आकारको बजेट ल्याएकोले गर्दा केही महत्वपूर्ण योजनाहरु समेत छुट्न गएको सांसद बरालले जनाए।

# लागुऔषधसहित एक पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असार**

जिल्ला प्रहरी कार्यालय कास्कीको लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय पोखराको टोलीले लागुऔषध र नगदसहित एक जनालाई पक्राउ गरेको छ।

टोलीले दुई हजार १६ थान (एम्पुल) विभिन्न प्रकारका लागुऔषध र पाँच लाख २१ हजार २०० रुपैयाँ नगदसहित पोखरा महानगरपालिका-१ बाट ४९ वर्षीय अर्जुनकुमार गुरुङलाई पक्राउ गरेको हो। लागुऔषधको कारोवार भइरहेकोसूचनाकाआधारमाअनुसन्धानमा खटिएको उक्त टोलीले गुरुङको कोठामा सुटकेसभित्र लुकाइछिपाइ राखेको अवस्थामा डाइजापान ६७०, फेनेरागन ६७०, नर्फिन ६७४ थान (एम्पुल) र एक थान मोबाइलसमेत पक्राउ गरेको प्रहरी प्रवक्ता सुभास हमालले जानकारी दिनुभयो। उहाँका अनुसार पक्राउ परेका गुरुङलाई लागुऔषधसम्बन्धी कसुरअन्तर्गत थप अनुसन्धान भइरहेको छ।

**बाढी पहिरोको जोखिम दिनानुदिन बढ्दै गइरहेको हुँदा विकासको नाममा विनाश निम्त्याउने गरी डोजरको प्रयोग नगरौँ। सकेसम्म मानवीय श्रोत साधन प्रयोग गरी रोजगारीसमेत सिर्जना गरौँ।**



**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**






# कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

**नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुस्मनमाथि विजय प्राप्त गर्नु हो ।

- हजरत अली

**सम्पादकीय**

# बजेटमा समस्या

कम्युनिस्ट घटकको शत्रुता पुर्ण ब्यवहारले गर्दा प्रदेश सरकारले सहजरूपमा बजेट पारित गराउन सकेको छैन । नेकपा एमाले र माओवादी केन्द्रको सम्बन्ध मित्रवत नहुँदा सरकार ढल्न थालेका छन । एउटै चुनावी घोषणापत्रमा चुनाव लडेका आज कुन कार्यक्रम कार्यान्वयन गर्ने स्पष्ट नहुँदै सत्ता समिकरण फेरिएको छ । गण्डकीमा काङ्ग्रेसको नेतृत्वमा सरकार बनेपछि मार्शल लगाएर बजेट पास भएको छ । विपक्षी विहीन सदन चलाएर निरंकुश ब्यवहार प्रदर्शन भएको छ । कर्णाली प्रदेशको मन्त्रिपरिषद बैठकले बजेट अध्यादेश स्वीकृतिका लागि प्रदेश प्रमुख समक्ष पेश गरेको छ ।

बिहीबार साँझ बसेको मन्त्रिपरिषद बैठकले कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ र कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ जारी गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गरेको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले प्रदेशसभा बैठक अवरुद्ध पारेको कारण देखाउँदै कर्णाली सरकारले प्रदेशसभा अधिवेशन अन्त्य गरी अध्यादेशमार्फत बजेट ल्याउन प्रदेश प्रमुखसमक्ष सिफारिस गरेको छाएमाले अध्यक्ष केपी शर्मा ओलीको सरकार अध्यादेशबाट चल्न खोज्यो भनेर खुब आलोचना शुरु भएकोमा थियो । अहिले एमाले विपक्षमा रहेको प्रदेश सभा राम्ररी चलाउने आँट नभएको नेताका हातमा पुगेको छ ।

लुम्बिनी प्रदेशमा पनि बजेट पारित गर्न नदिनु विपक्षी गठबन्धनको तयारी छ । शंकर पोखेल मुख्यमन्त्री रहेको सरकार ढल्ने तयारी छासरकार ढाल्न बजेट फेल गराएर जनपरिचालन भन्दा सजिलोसँग काम फत्ते गर्न अदालत धाएर सजिलो भएको छ । बजेट फेल हुँदैमा कानुनी रुपमा हट्नु पर्दैन ।नैतिकताको प्रश्न उठ्छ । नैतिकताको परिक्षामा जित्न सक्नु ठूलो हो । सरकारले सदन बहिष्कार गरेर बजेट पारित गर्न सहयोग नगरे अधिवेशन अन्त्य गरेर अध्यादेशबाट सरकार चलाउने संकेत गरेको छ । अन्य प्रदेशमा पनि लेनदेनको आधारमा पास हुने गरेको छ । यी सबैले भोगेका हुँदा सरकारले जनताको आँखामा छारो फाल्न खोजेको बुझिएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : मानसिक तनाब | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।

# नेपालको निर्यात खर्ब नाघ्दा ब्यापार घाटा

काठमाडौं

रासस, ३० असार

नेपालको मालवस्तुको निर्यात रु एक खर्ब २१ अर्ब २५ करोड पुगेको छ । चालु आर्थिक वर्षको एघार महिनामा कूल वस्तु निर्यात ३७.८ प्रतिशतले वृद्धि भई खर्बमाथि पुगेको हो ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ०.२ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः ४३.३ प्रतिशत र २५.९ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा १७.४ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा सोयाबिन तेल, अलैंची, धागो (पोलिष्टर तथा अन्य), जुटका सामान, ऊनी, गलैंचालगायतका वस्तुको निर्यात बढेको छ भने पामतेल, दाल, जस्तापाता, तार, चोकरलगायतका वस्तुको निर्यात घटेको छ ।

चालु आवको ११ महिनामा कूल वस्तु आयात २५.७ प्रतिशतले वृद्धि भई रु १३ खर्ब ८३ अर्ब ३६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १५.३ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३२.२ प्रतिशत, २४.० प्रतिशत र ९.९ प्रतिशतले वृद्धि भएको छ ।

# साउने संक्रान्तिको सांस्कृतिक विशेषता

शिव प्रसाद गौतम



श्रावण संक्रान्तिको धार्मिक विशेषता छ । आजकै दिन सूर्य कर्कट राशिमा प्रवेश गरी दक्षिणायन हुने दिन साउन १ गते नेपालमा साउने संक्रान्ति चाड मनाइन्छ । यस दिन बेलुका कुकुर डाइनो, कुरिलोका पात जीउमा दल्ने तथा विधिपूर्वक पूजा आजा गरी आगो बालेर अगुल्टो मिल्काइ लुतो फ्याकने परम्परा छ । यो प्रथा लोप हुँदै गएको छ ।

आजको बेलुका कण्डारक पूजा गरिन्छ । लोक विश्वास अनुसार लुतो आदि रोगको कारण मानिसकोको एक पौराणिक मानवेत्तर, दुष्ट, रहस्यमय प्राणी (यसलाई पन्छाउन साउने संक्रान्तिका दिन साँझमा विशेष प्रकारले पूजा गरी लुतो फालेर) सेलाइन्छ । लुतो फाल्न कर्कलो, कुरिलो, दाते, दन्केर्नो, उनियो, पानी अमला, हरिया मकै, सिउँडी, दतिउन, लज्जावती जस्ता वनस्पतिहरु जम्मा गरिन्छ । विभिन्न प्रकारका पूजा सामग्री तयार गरेर विधि पूर्णका पूजा गरिन्छ । कृषकहरु असार महिना भरी प्रमुख अन्न बाली धान खेती गर्दछन् । धान रोप्न खेत खनजोत गरेर हिल्याउने र हिलोमा धान रोप्छन् । असार पन्ध्रलाई धान दिवसको रुपमा हली, बाउसे र रोहवरहरू हिलो खेल्दै धान रोप्दै एक आपसमा हिलो छ्याप्छ्याप गरेर असार पन्ध्र रमाइलो गरी मनाउँछन् । असार महिनामा धान रोपाइको व्यस्तताले गर्दा नुहाइधुवाइ गरेर शरीर र कपडा सफा गर्ने समय नमिलेर शरीर र कपडा धुलो मैलोले फोहोरी हुने मात्र होइन फोहोरको कारणले शरीरमा घाउ खटिरो र लुतो जस्तो रोग लागेको हुन्छ । ज्यादै चिलाउने र बाक्ला विमिरा उठेर पाक्ने खटिरा जस्ता रोग लुतो हो । असारमा धान रोपाइको काम सकिए पछि साउन १ गते मजासँग नुहाइ धुवाइ गरेर बेलुका पख धार्मिक परम्परा अनुसार पूजा गरेर आगोका अगुल्टाहरु घर अगाडि र पछाडि लुतो लैजा लुतो लैजा भनेर आगो सहित अगुल्टा फाल्ने चलन छ । यो गर्नुको अभिप्राय लागेको लुतो निको होस् र फेरि फेरि लुतो नआओस् भन्ने उद्देश्य हो । साउन १ गते मास, फापर र अन्नको पिठो मुछेर घिउ तेलमा फुराएर बनाइको डल्लो खानेकुरा फुरौला खाने चलन छ ।

यसका अतिरिक्त श्रावण महिनामा खिर खाने चलन पनि छ । आजको दिनमा सूर्य भगवान्को पनि पूजा गरिन्छ । श्रावण महिनामा धेरै चाडपर्वहरू पर्दछन् । श्रावण संक्रान्त, हरिससयनि एकादशी, मंगल चतुर्थी, नागपञ्चमी, जस्ता धार्मिक पर्वहरु पर्दछन् । सूर्यले मकराशिमा प्रवेश गरेको समय वा दिन मकर संक्रान्ति हो भने श्रावण १ गतेलाई श्रावण संक्रान्ति भनिन्छ । श्रावण र भाद्र महिना धेरै वर्षा हुने हुनाले वर्षा ऋतु भनिन्छ । धेरै पानी आवश्यक पर्ने अन्न बालीको खेती यही ऋतुमा गरिन्छ । श्रावण महिना भगवान् शिवलाई पूजा आराधनान गर्ने शिवको महिना पनि भनिन्छ ।

श्रावण महिना भरिका सोमबार हरूमा भगवान् शिवको विशेष श्रद्धा भक्ति पूर्वक पूजा गरिन्छ । शिव भक्त श्रद्धालु भक्त जनहरु सोमबारका दिन गंगा नदीमा गएर स्नान गरी तामाका हत्तरहरूमा गंगाको जल लिएर भगवान् शिवको भजन गर्दै बोलबम भन्दै शिव मन्दिरहरूमा आएर शिवको मूर्ति तथा शिव लिङ्गमा पवित्र गंगालाई र गाईको दूध चढाएर श्रद्धा भक्ति पूर्वक पूजा आराधना गर्दछन् ।

साउने संक्रान्तिको अर्को विशेषता बालबालिका र युवा युवतीले हात खुट्टाका नङमा तिहिरे (मेहेन्दी) लगाउँछन् । युवा युवतीले शरीरमा ट्याटु लेखाउँछन् । विवाहित महिलाहरुले हरियो रङका चुरा, पोते र कपडा लगाउँछन् । युवतीहरुले पनि रङ्गिबिरङ्गी वस्त्र धारण गरेका हुन्छन् । श्रावण महिना कृषकहरुले असार महिनामा धान रोपाइ सकेर विभिन्न चाडपर्व मनाएर रमाइलो गरेर आनन्दपूर्वक बिताउने महिना हो ।

# देशभर हल्कादेखि मध्यम वर्षा हुने

पोखरापत्र संवाददाता

पोखरा, ३१ असार

मनसुनी वायुको प्रभावले प्रभावले बिहीबार र शुक्रबार देशको धेरैजसो स्थानमा आंशिकदेखि पूर्ण बदली भई हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसमविद् नीराजन सापकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार आगामी आइतबारदेखि मनसुन थप सक्रिय भई देशको पश्चिमी भूभागमा भारी वर्षा तथा अन्य स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना देखिएको छ । हाल देशभर सामान्य बदली रही प्रदेश नं एक, बाग्मती, गण्डकी तथा लुम्बिनी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । राति देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । शुक्रबार देशभर सामान्यदेखि पूर्ण बदली रही लुम्बिनी तथा गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ ।

# आश्रय खोज्दै खेलकुद विकास समिति

पोखरापत्र संवाददाता

बागलुङ, ३१ असार

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कुमार खड्काले बुधबार बिहानै घरेलु तथा साना उद्योग कार्यालय पुगेर समितिलाई कोठा उपलब्ध गराउन आग्रह गर्नुभयो । सरोकारवालाको बैठकबाट घरेलु कार्यालयका कम्तीमा दुई वा तीन कोठा समितिलाई दिने निर्णय भएका कागजातसहित उहाँ त्यहाँ पुग्नुभएको थियो । घरेलुका निमित्त प्रमुख रहेका यामबहादुर थापाले कार्यालय प्रमुखको अनुमतिबिना दिन नसकने जिकिर गर्नुभयो । उहाँको जिकिरपछि समितिका पदाधिकारी र वडा नं २ का प्रतिनिधि पछि हटेका छन् ।

मङ्गलबार जिल्ला प्रशासन कार्यालय बागलुङले घरेलु तथा साना उद्योग कार्यालयलाई पत्र लेखेर भवनको कम्तीमा दुई कोठा उपलब्ध गराइदिन पत्र लेखेको थियो । उक्त पत्रकै आधारमा खड्का कार्यालय पुग्नुभएको थियो । कोठा नपाएपछि उहाँले पत्रकार समेतलाई जानकारी गराउनुभयो । थापाले कार्यालय प्रमुख नभएको र गण्डकी प्रदेशको उद्योग मन्त्रालयको पत्रबिना दिन नसकिने बताएपछि समितिले कार्यालय सार्ने काम रद्द भएको छ । "प्रमुख नभएकाले सल्लाह गरेर मात्र जानकारी दिन्छौं भन्नुभएको छ", खड्काले भन्नुभयो, "आजसम्ममा केही होला अनि कार्यालय सार्नु पर्ला ।" हल्लनचोकमा समितिको कार्यालय भाडामा छ । कार्यालयसहित खेल सामग्री, महत्वपूर्ण दस्तावेजसमेत गरी गोदाम कोठा चाहिने समितिका कार्यालय प्रमुख भीमसेन शाक्यले बताउनुभयो । "महत्वपूर्ण कागजात र खेल सामग्री छन्, त्यसैले सुरक्षित स्थान पनि चाहिन्छ", शाक्यले भन्नुभयो, "प्रशासनको पत्र भएपछि हामीलाई कोठा दिन किन आनाकानी ?" कार्यालय प्रमुख गुमादेवी रिजाल बिदामा हुनुहुन्छ । उहाँले मन्त्रालयमा छलफल गरेर मात्रै कोठा दिन सकिने बताउनुभयो । जिल्ला प्रशासन कार्यालय सङ्घीय सरकारको मातहतमा छ ।

घरेलु कार्यालय भने गण्डकी प्रदेश सरकार मातहतमा रहेकाले विभागीय क्षेत्र फरक पर्दा एकले अर्काको आदेश र निर्णयमा सहजै स्वीकार्ने पद्दति बसेको छैन । "नगरपालिका र प्रशासन बसेर गरेको निर्णयबाट मात्रै भवन दिन मिल्दैन", रिजालले भन्नुभयो, "हामीले मन्त्रालयको अनुमति लिनुपर्छ ।" सामान्य कार्यक्रम गर्दासमेत अनुमति लिनुपर्नेमा अर्को संस्थालाई घरै दिने कुरा सजिलो नभएको उहाँले बताउनुभयो । समितिका अध्यक्ष खड्का सरकारी भवन सरकारी समितिलाई दिन मिल्नुपर्ने बताउनुहुन्छ । "हामीले भाडा तिरिरहेने, यो घर खाली भइरहने के यस्तो पनि हुन्छ र ?", उहाँले भन्नुभयो, "प्रशासनले आदेश दिएपछि पनि किन ढिलाइ ?" उहाँले प्रशासनको आदेश सबैले मान्नुपर्ने बताउनुभयो ।

प्रशासन कार्यालय र घरेलुको तालुक अड्डा फरक भएकाले सरोकारवालाको नाममा नगरपालिका र प्रशासन बसेर घरेलु कार्यालय दिने निर्णय नै गर्न नमिल्नेसमेत रिजालले बताउनुभयो । घरेलुको पुरानो भवनका केही कोठा अहिले खाली छन् । तीमध्ये केही कोठामा ढाका बुनाइलगायतको तालिम सञ्चालन हुने गरेको छ । तालिम नभएको बेला मात्रै खाली देखिने गरेको उहाँले बताउनुभयो । खेलकुद समितिले भने भाडा नआएकाले चर्को रकम तिरेर बस्न नसकेपछि प्रशासनलाई गुहारेको थियो । प्रशासनमार्फत दिन मिल्ने सङ्घीय कार्यालयमा भने कर्मचारी आवास बनाइएको छ । राष्ट्रिय खेलकुद परिषद्ले केही समयदेखि भाडा नदिएकाले समितिले आफ्नै खर्चमा कार्यालय सञ्चालन गरेको छ ।

# जिल्ला अदालत मनाङमा एक वर्षमा १२ वटा मुद्दा दर्ता

रासस

मनाङ, ३१ असार

हिमाली जिल्ला मनाङमा एक वर्षको अवधिमा १२ वटा मुद्दा दर्ता भएको तथ्याङ्कले देखाएको छ । आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न शीर्षकमा जिल्ला अदालत मनाङमा १२ वटा मुद्दा दर्ता भएका हुन् ।

जिल्ला अदालतले दिएको तथ्याङ्कअनुसार जिल्लामा सबैभन्दा धेरै सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका छन् । जिल्लामा एक वर्षको अवधिमा छ वटा सम्बन्धविच्छेदका घटना दर्ता भएको अदालतका स्रेस्तेदार तारादत्त बडुले बताउनुभयो । उहाँले भन्नुभयो, "हिमाली जिल्ला मनाङमा अत्यन्त कम मात्रामा मुद्दा दर्ता हुन्छ । आव २०७७/०७८ मा १२ वटा मुद्दा दर्ता भएको छ । यसमध्ये पनि सबैभन्दा धेरै छ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका हुन् । छ वटामध्ये चार वटा फैसला भइसकेको छ, भने दुई वटा फैसला हुन बाँकी छ ।"

जिल्लामासोबाहेक जबर्जस्ती करणी, बहुविवाह, कुटपिट, ज्यान मार्ने, सवारी दुर्घटना र अभद्र व्यवहारका घटना एक/एक वटा दर्ता भएका छन् । जिल्लामा कूल १२ वटा मुद्दामध्ये आठ वटा फैसला भइसकेको र चार वटा बाँकी रहेको स्रेस्तेदार बडु बताउनुहुन्छ । आर्थिक वर्ष २०७६/०७७ मा भन्दा यस वर्ष मुद्दा दर्ताको घटना बढेको तथ्याङ्कले देखाएको छ । विसं २०७६/०७७ मा जिल्लाभर नौ वटा मुद्दा दर्ता भएको थियो । मुलुकका विभिन्न जिल्लामा मुद्दाको चाप देखिए पनि जिल्ला अदालत मनाङमा भने अत्यन्त कम मुद्दा दर्ता हुने गरेको छ । मनाङ सानो र थोरै जनसङ्ख्या भएको जिल्ला भएकाले पनि यहाँ घटेका घटनालाई गाउँघरमा नै मिलाउन सहज भएको हुनुपर्छ । यहाँका समुदाय फरक नभई एउटै किसिमका भएकाले पनि उनीहरूबीच न्यायोचित ढङ्गले मेलमिलाप हुने स्रेस्तेदार बडुको भनाइ छ ।

उहाँ भन्नुहुन्छ, "मनाङ सानो र थोरै जनसङ्ख्या भएको जिल्ला हो । यहाँ घटेका घटनालाई गाउँघरमा नै सहज तवरबाट मिलाइन्छ । यहाँ अधिकांश एउटै समुदायका मानिसको बसोबास छ, यस कारणले गर्दा पनि घटना नघट्ने र घटिहाले पनि एकापसमा न्यायोचित ढङ्गले मेलमिलाप हुने गरेको पाइएको छ ।"

# घाँस काट्न जाने क्रममा लडेर मृत्यु

पोखरापत्र संवाददाता


बागलुङ, ३१ असार

बागलुङको गलकोट नगरपालिका–८ काँडेवास पचुवामा घाँस काट्न जाने क्रममा लडेर एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्थानीयवासी ३३ वर्षीय अशोक कँडेल रहेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जानकारी दिनुभयो । उहाँका अनुसार घाँस काट्न जाने क्रममा लडेर मृत्यु भएको अवस्थामा आज उहाँको शव फेला परेको छ । कँडेल बुधबार दिउँसो १२ बजे पचुवाकै कुभिण्डो भन्ने ठाँउमा घाँस काट्न भनेर जानुभएको र बेलुकासम्म नफर्केपछि परिवारले प्रहरीलाई खबर गरेको थियो । खोजतलासका क्रममा उहाँ मृतावस्थामा फेला परेको र घटनाको सम्बन्धमा थप अनुसन्धान शुरु गरिएको प्रहरी नायब उपरीक्षक हवारीले जानकारी दिनुभयो । शव परीक्षणका लागि अहिले प्राथमिक स्वास्थ्य केन्द्र बुर्तिवाङमा पठाइएको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. २००७/०१/१० | स्वर्गारोहणः वि.स. २०७८/०३/२० गते

**स्वः काशी बहादुर क्षेत्री**

यस नागेश्वर भजन कृतन समूहका सक्रिय सदस्य **काशी बहादुर क्षेत्री** को ७१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने भगवानसँग प्रार्थना गर्दै उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

प्रेम प्रसाद पराजुली
अध्यक्ष तथा
नागेश्वर भजन कृतन समुह परिवार

जमुनादेवी श्रेष्ठ
अध्यक्ष तथा
सत्य सेवा आमा समुह परिवार

पोखरा महानगरपालिका-१३ बाँफ्रापाटन

# गलकोटमा 'भैँसी पकेट'

– रामबहादुर थापा
बागलुङ, ३१ असार

व्यावसायिक दुग्ध उत्पादनलाई बढावा दिन गलकोट नगरपालिकाले 'भैँसी पकेट' कार्यक्रम सञ्चालन गरेको छ । वडा नं ८ र ९ लाई समेटेर पकेट क्षेत्र घोषणा गरिएको पशु शाखा प्रमुख हरिदत्त सुवेदीले जानकारी दिनुभयो ।

उक्त कार्यक्रमका लागि चालू आवमा नगरले रु २५ लाख बजेट छुट्याएको थियो । पकेटअन्तर्गत उन्नत मुर्रा जातका ८० पाडी र छ वटा राँगो किसानलाई वितरण गरिएको छ । चार ठाउँमा दूध सङ्कलन केन्द्र बनेका छन् । हटिया बजारमा बन्ने चिस्यान केन्द्रमार्फत दूध बजारमा पुऱ्याइने प्रमुख सुवेदीले बताउनुभयो । आयात प्रतिस्थापन गरी गलकोटबाट दूध बाहिर बेच्ने लक्ष्यसहित भैँसी पकेटको अवधारणा ल्याइएको हो । अहिले पनि गलकोटको बजार क्षेत्रमा पोखराको दूध र पर्वतबाट पनिर भित्रिन्छ । "आगामी आवमा बाहिरबाट आउने दूध रोक्ने र दुई वर्षभित्रमा निर्यात गर्न सकिन्छ भन्ने छ", प्रमुख सुवेदीले भन्नुभयो । पकेट कार्यक्रम चलेपछि तत्कालै किसानले उत्पादन गरिरहेको झण्डै ६०० लिटर दूधलाई दैनिक बजारमा ल्याउन सकिने जनाइएको छ । दूधको बजारीकरण नहुँदा पकेट क्षेत्रमा दैनिक उत्पादन हुने एक हजार लिटरजति दूध मोही बनाएर सकिने गरेको छ । अहिले वितरण गरिएका पाडी हुर्किएपछि आउँदो तीन वर्षभित्रमा दूधको उत्पादन दुई हजार ५०० लिटरले थप हुने आकलन गरिएको छ । कार्यक्रम सञ्चालनका लागि 'घुम्टे भैँसी पकेट विकास समिति' क्रियाशील छ । समितिका अध्यक्ष लोकनाथ कँडेलले पकेट कार्यक्रमले भैँसीपालक किसानलाई हौसला मिलेको प्रतिक्रिया दिनुभयो । नगरपालिकाले आगामी वर्षमा पनि भैँसी पकेटलाई निरन्तरता दिइने जनाएको छ । गलकोटलाई दूधमा आत्मनिर्भर बनाउँदै किसानको जीवनस्तर उकास्न वडा नं ३ र ५ मा पनि भैँसीलक्षित कार्यक्रम सञ्चालन भइरहेको प्रमुख सुवेदीले बताउनुभयो ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले ती दुवै वडामा यस वर्ष भैँसीपालनका लागि रु २४ लाख लगानी गरेको छ । राज्यबाट अनुदान र तालीम पाउन थालेपछि किसान पनि उन्नत नश्लका भैँसीपालनतर्फ आकर्षित छन् । व्यक्तिगत लगानीमा फार्म चलाउने उद्यमी पनि बढ्न थालेका छन् । नगरभित्र सात वटा व्यावसायिक भैँसी फार्म छन् । स्थानीय जातका पाडापाडी संरक्षणमा पनि पकेट कार्यक्रममार्फत सहयोग पुऱ्याइने भएको छ । नगरप्रमुख भरत शर्मा गैरेले कृषि र पशुपालनमा गलकोटलाई आत्मनिर्भर बनाइने बताउनुभयो । व्यावसायिकरूपमा लाग्ने किसानलाई लक्षित गरेर ब्याज अनुदान, उपकरण, सीप हस्तान्तरणलगायतका कार्यक्रम सञ्चालन गरिएको उहाँको भनाइ छ । छनोटमा परेका किसानले तोकिएको वित्तिय संस्थाबाट नौ दशमलव सात प्रतिशत ब्याजमा ऋण लिन पाएका छन् । सोमध्ये तीन प्रतिशत ब्याज किसानले र बाँकी ब्याज रकम नगरपालिकाले बेहोर्ने छन् । ब्याज अनुदान कार्यक्रममार्फत नगरका ९७ किसानले रु दुई करोड ९७ लाख ऋण लगेका छन् । ब्याजमा अनुदानमा ऋण पाएपछि किसानले १०० भन्दा बढी ठाउँमा टनेल प्रविधिको तरकारी खेती विस्तार गरेका छन् ।

# ८५ घर भत्किए

पोखरापत्र संवाददाता
म्याग्दी, ३१ असार

यस वर्षको मनसुन शुरु भएयताको बाढी, पहिरो र कटानले म्याग्दीमा ८३ घर भत्किएका छन् । थप १२ घरमा आंशिक क्षति, १४४ घर उच्च र ७३ घर कम जोखिममा परेका जिल्ला प्रशासन कार्यालयले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी सुवास शर्मा पौडेलका अनुसार बाढी पहिरोले दुई जनाको मृत्यु र छ जना घाइते भएका छन् ।

पहिरोले घर क्षति भएकामध्ये ५८ परिवारलाई जिल्ला प्रशासन कार्यालयले रु नौ लाख ६० हजार र मृतक दुई जनाका परिवारलाई रु तीन लाख राहत उपलब्ध गराएको छ । पाँच जनासम्म सदस्य भएका परिवारलाई रु १५ हजार र पाँच जनाभन्दा बढी सङ्ख्यामा सदस्य भएका परिवारलाई रु २० हजारका दरले राहत वितरण गरिएको सहायक प्रजिअ पौडेलले बताउनुभयो ।

पहिरोबाट घर भत्किएका तथा जोखिममा परेर विस्थापित भएका आफन्तको घर र सामुदायिक भवन तथा सामूहिक टहरा बनाएर बसेका छन् । अन्नपूर्ण गाउँपालिकाको धोस्केखोर, रघुगङ्गाको बेग, बेनीको सिंगा तातोपानी, मङ्गलाको अर्मन, मालिकाको रुम र धौलागिरिको खोरियामा पहिरोले क्षति पुगेको छ । गत वर्षको बर्खामा भत्किएका घर पुनःनिर्माणका लागि पर्याप्त बजेट नआउँदा प्रभावित भएको छ । गत वर्ष पहिरोले म्याग्दीमा २४७ घर भत्किएकामध्ये म्याग्दी प्रवासी नेपाली सङ्घ मोनाले ४० वटा घर बनाएको छ । सरकारले पहिरोले भत्किएका हिमाली जिल्लाका घर बनाउन प्रतिघर रु पाँच लाखका दरले अनुदान दिने निर्णय गरेको थियो । निर्णयानुसार आवश्यक बजेट व्यवस्थापन नगर्दा सबै पहिरो पीडितले निजी आवास पुनःनिर्माणका लागि पहिलो किस्ताको पनि अनुदान पाएका छैनन् । वैशाख अन्तिम साता रु एक करोड आठ लाख ९७ हजार ५०० पठाएको गृहमन्त्रालयले असारमा थप रु ३६ लाख ३२ हजार ५०० पठाएको थियो । मोनाले बनाएकाबाहेकका घरका लागि रु १० करोड बजेट माग गरिएको थियो ।

सङ्घ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा घर बनाउने कार्यविधि भए पनि सङ्घ र प्रदेशले बजेट नपठाएकाले पुनःनिर्माण प्रभावित भएको स्थानीय तहका पदाधिकारीले बताएका छन् । धौलागिरि गाउँपालिकाको मराङ, मालिकाको बिम, देवीस्थान, रघुगङ्गाको भगवती र अन्नपूर्णको फगाममा पहिरोले क्षति गरेको थियो ।

# उब्जनी अनुदान : सुन्तला खेतीमा आकर्षण

पोखरापत्र संवाददाता
गलकोट, ३१ असार

परम्परागत बाली छाडेर व्यावसायिक फलफूल खेती गर्ने कृषकलाई बागलुङ नगरपालिकाले उब्जनी अनुदान दिएको छ । नगरपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने उद्देश्यले परम्परागत बाली छाडेर सुन्तला खेती गर्नेलाई उब्जनी बराबरको रकम अनुदानवापत प्रदान गरिएको हो । परम्परागतरूपमा गरिँदै आएको खाद्य बालीबाट राम्रो प्रतिफल प्राप्त हुन नसक्ने ठाउँमा सुन्तला खेती गर्न इच्छुक किसानलाई उत्पादन बराबरको रकम प्रदान गरिएको हो ।

आर्थिक वर्ष २०७७/७८ मा परम्परागत बाली त्यागेर सुन्तला खेती गरेका ४५ किसानलाई नगद रकम अनुदान प्रदान गरिएको नगरपालिकाको कृषि शाखाले जनाएको छ । सुन्तला जोनमा समेटिएको बागलुङ-८ सिगानाका ४५ कृषकलाई सुन्तलाका नयाँ बिरुवा रोपेवापत प्रोत्साहन र सुन्तलाको प्रतिफल नदिँदासम्मको अन्न बालीवापतको रकम प्रदान गरिएको नगरपालिकाका कृषि शाखा प्रमुख राहुल केसीले जानकारी दिनुभयो । "सिगाना भौगोलिक हिसाबले सुन्तलाको अत्यन्तै राम्रो क्षेत्र मानिन्छ, अहिले वार्षिक दुई करोड दाना सुन्तला निर्यात हुने रहेछ, यसलाई बढाउनका लागि किसानलाई प्रोत्साहनस्वरुपप्रति रोपनी रु तीन हजारका दरले उब्जनी अनुदान दिएका छौँ", केसीले भन्नुभयो, "एक रोपनीमा २० सुन्तलाका बिरुवा हुन्छन्, सुन्तला फल्न पाँच वर्ष लाग्छ, त्यतिका समयसम्म किसानको अन्नबाली उब्जनी हुँदैन, त्यसैले अनुदान दिएका छौँ ।" नगरभित्रका जमिनको वर्गीकरण गरी उपयुक्त बाली लगाउन प्रोत्साहन गर्ने उद्देश्यले यस्तो अभियान शुरु गरिएको र किसान उत्साहित भएर सुन्तला खेतीतर्फ लागेका बताइएको छ । परम्परागत खेती त्यागेर फलफूल खेती गर्न इच्छुक किसानलाई उक्त जग्गामा उत्पादन हुने बालीवापतको रकम नगरपालिकाले दिने नीतिअनुसार तीन वर्षदेखि रकम वितरण गरिरहेको नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो ।

नगरपालिकाले तीन वर्षको बीचमा सिगानामा मात्रै अनुदानमा वितरण गरेको र किसान आफैँले लगाएको गरेर ३५ हजार बिरुवा थपिएको कृषि शाखाको तथ्याङ्कमा उल्लेख छ । अबका पाँच वर्षमा सिगानामा करोडौँको सुन्तला भित्र्याउने सिगानाका किसानले लक्ष्य राखेका छन् । पहाडी भूभाग भएका कारण परम्परागत खाद्य बाली लगाउँदा दुःख बढी हुने र उत्पादनसमेत कम हुने भएकाले परम्परागत बाली त्यागेर व्यावसायिक फलफूल खेती गर्नेलाई प्रोत्साहन गर्ने नगरपालिकाको अभियान सकरात्मक भएको वडा नं ८ का अगुवा सुन्तला किसान रामबहादुर खड्काले जानकारी दिनुभयो । कोदो, मकै फलाएर ज्याला नउठ्ने जग्गामा सुन्तला लगाएर लाखौँ आम्दानी हुने भएपछि नगरपालिकाका सिगाना, तित्याङ, भकुण्डे, मालिकालगायतका क्षेत्रमा सुन्तला खेती प्रवर्द्धन कार्यक्रममा नगरपालिकाले अगुवाइ गरेको छ ।

# 'खाली हात घर फर्किंदा पनि दुःख लागेको छैन'

पोखरापत्र संवाददाता
दमौली, ३१ असार

ब्यास नगरपालिका-९ का स्वयंसेविका माया गुरुङले विसं २०४६ देखि महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा काम शुरुआत गर्नुभयो । त्यतिबेला महिला स्वास्थ्य स्वयंसेविकालाई गाउँको 'डाक्टर' पनि भनिन्थ्यो ।

स्वयंसेविकाका रुपमा काम गरे पनि सुविधा भने केही हुन्थेन । स्वयंसेविकाले गाउँगाउँ, टोलटोल पुगेर स्वास्थ्यसम्बन्धी सचेतना फैलाउने र बालबालिकालाई खोप लगाउने काम गर्दै आएका छन् । "मैले पनि यो अवधिमा त्यसरी नै काम गरेँ," उहाँले भन्नुभयो, "आज ६० वर्ष उमेर पुगेपछि स्वास्थ्य स्वयंसेविकाबाट अवकाश पाउँदा पनि खुशी नै छु ।" ब्यास नगर महिला स्वास्थ्य स्वयंसेविकाकी अध्यक्षसमेत रहनुभएकी विष्णुमाया खनालले पनि ६० वर्ष उमेर पुगेपछि अवकाश पाउनुभयो । उहाँले विसं २०५० देखि स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गर्नुभएको थियो । "जनप्रतिनिधि आएपछि केही सुविधा पाइन्छ की भन्ने आश थियो, तर नीति नै यस्तो आयो," उहाँले भन्नुभयो, "अझै पनि सेवा गर्ने इच्छा हुँदाहुँदै नीतिका कारण अवकाश हुनुपरेको छ, खुशी नै छौ ।"

ब्यास नगरपालिकाका हाल १०५ महिला स्वास्थ्य स्वयंसेविका कार्यरत छन् । तीमध्ये ६० वर्ष उमेर कटेका १४ अवकाश भएका छन् । उहाँहरूलाई सरकारले मासिक रु पाँच सय उपलब्ध गराउँदै आएको छ । लामो समय स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गरेका १४ जनालाई नगरपालिकाले प्रोत्साहन रकम प्रदान गरेको छ । स्वास्थ्यको क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरुप प्रोत्साहन रकम उपलब्ध गराइएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो ।

चौधजनालाई जनही रु ३५ हजारका दरले प्रोत्साहन रकम प्रदान गरिएको छ । यसका लागि स्वास्थ्य कार्यालयले रु एक लाख उपलब्ध गराएको थियो भने बाँकी रु तीन लाख ९० हजार नगरपालिकाले उपलब्ध गराएको हो । बिदाइ भएका ठाउँमा नयाँ महिला स्वास्थ्य स्वयंसेविका छनोट गरिनेछ ।

नगरपालिकाका कल्पना घर्ती क्षेत्री, शोभा पन्त, विष्णुमाया बुढाथोकी, भगवती न्यौपाने, गोमा खनाल, विष्णुमाया खनाल, शान्तिशोभा न्यौपाने, इच्छामाया पराजुली, माया गुरुङ , हुमा राना, विष्णुकुमारी श्रेष्ठ, नन्दकुमारी आले र कालीमाया थापा ६० वर्ष उमेर पुगेपछि अवकाश हुनुभएको छ । नगरप्रमुख प्रमुख बैकुण्ठ न्यौपानेले सरकारको नीतिका कारण स्वास्थ्य स्वयंसेविकालाई बिदाइ गर्नुपरेको जनाउँदै सामाजिक र राजनीतिक काममा क्रियाशील हुन आग्रह गर्नुभयो ।

# बालबालिकाको अवस्थासम्बन्धी वस्तुगत विवरण तयार हुने

पोखरापत्र संवाददाता
दमौली, ३१ असार

तनहुँ जिल्लाका सबै स्थानीय तहले बालबालिकाको अवस्थासम्बन्धी वस्तुगत विवरण (प्रोफाइल) तयार गर्ने भएका छन् । जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेको अध्यक्षतामा बुधबार सम्पन्न शैक्षिक परामर्श गोष्ठीले उक्त निर्णय गरेको हो ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (मन्त्रिस्तर) को गत असार २७ गते स्वीकृत भएको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को परिच्छेद ४ दफा ७ को लक्ष्यअनुसार २०८७ सालसम्म नेपालका सबै स्थानीय तहलाई बालमैत्री बनाउने निर्णय गरिएको छ । त्यसका लागि जिल्लाका सबै स्थानीय तहले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को सूचकाङ्कमा आधारित भई गाउँपालिका/नगरपालिकामा बालबालिकाको अवस्थासम्बन्धी विवरण तयार गर्ने निर्णय भएको समन्वय समितिका प्रवक्ता गलबहादुर गुरुङले जानकारी दिनुभयो । सबै पालिकाले आफ्नो पालिकाको शैक्षिक सूचक समावेश गरी प्रोफाइल तयार गर्ने, गाउँ/नगर शिक्षा योजना निर्माण गर्न बाँकी रहेका पालिकाले यसै आर्थिक वर्षमा उक्त योजना निर्माण गर्ने, गाउँ/नगर शिक्षा समिति गठन/पूर्णता दिन बाँकी रहेका पालिकाले अविलम्ब यसको गठन/पूर्णता प्रदान गरी समितिलाई क्रियाशील बनाई शैक्षिक निर्णय र गतिविधिलाई प्रभावकारी बनाउने निर्णय भएको गुरुङले बताउनुभयो । सङ्घ, प्रदेश, पालिका र वडाको शिक्षासम्बन्धी कार्यक्रम र बजेटको कार्यान्वयन गर्दा गराउँदा एकरुपता हुने गरी कार्यविधि वा निर्देशिका तर्जुमा गर्ने, पालिकाभित्र शिक्षा क्षेत्रमा हुने सबै खर्च/बजेट/कार्यप्रगति (सङ्घ, प्रदेश, पालिका, वडा र गैसस आदि)को एकीकृत अभिलेख पालिकाको शिक्षा शाखामा रहने व्यवस्था मिलाउन आवश्यक कार्यविधि वा निर्देशिका तर्जुमा गर्ने निर्णयसमेत भएको छ ।

सबै पालिकाले नमूना विद्यालयको कार्यविधि तर्जुमा गरी त्यसका सूचकको आधारमा प्रत्येक वडामा प्रत्येक वर्ष नमूना विद्यालयको सङ्ख्या वृद्धि गर्दै जाने नीति तथा कार्यक्रम बनाउने, संस्थागत एवं सामुदायिक विद्यालयका शैक्षिक गुणस्तर सुधारका लागि प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने, वस्तुगत सूचक निर्माण गरी उत्कृष्ट विद्यालयलाई वार्षिकरूपमा पुरस्कृत गर्दै जाने, विद्यालयको समग्र शैक्षिक क्रियाकलाप र कार्यको अनुगमन कार्यलाई अझ नियमित र प्रभावकारी बनाउँदै जाने निर्णय भएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्मः
वि.स. २००७/०१/१० गते

स्वर्गारोहणः
वि.स. २०७८/०३/२० गते

स्वः काशीबहादुर क्षेत्री


कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.का संस्थापक ऋण उपसमितिका संयोजक, वर्तमान सल्लाहकार सदस्य एवं शेयर सदस्य बशन्धरी क्षेत्रीका श्रीमान, शेयर सदस्य शुसिला तिम्सिनाका पिता **काशीबहादुर क्षेत्री** को ७१ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

माधब प्रसाद आचार्य
अध्यक्ष तथा
कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
पोखरा महानगरपालिका-१३



माया, मूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो ।
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ॥
शुप्रोमा उपिनी मिठो र नमिठो, रोजेर छान्दैन त्यो ॥।
आयो, टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ॥॥

हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.स. २००७/०१/१०

स्वर्गारोहणः
बि.स. २०७८/०३/२०

स्व. काशीबहादुर क्षेत्री

श्री जनकल्याण समितिको ३९ वर्षको अविरल यात्रामा संस्थापक सदस्य बाट प्रवेश गरि विभिन्न समयमा प्रदान गरिएको दाईत्व का साथै आर्थिक, भौतिक, सामाजिक र धार्मिक क्षेत्रमा कुशलतापूर्वक जिम्मेवारी बहन गर्दै आउनुभएका हाम्रो समाजका शालिन व्यक्तित्व द्वितिय उपाध्यक्ष प्रातः स्मरणिय काशिबहादुर क्षेत्रीको असामयिक निधनले पुरै समाजलाई भावबिह्वल बनायो यो अपुरणिय क्षती लाई शोकमा बदल्दै स्वर्गीय आत्माको चिर शान्ति र बैकुण्ठ बासको कामना गर्दै यो अप्रत्याशित शोकको घडीमा आजिवन सदस्य बसुन्धरा क्षेत्री छोराहरु कृष्णबहादुर क्षेत्री, बलबहादुर क्षेत्री र नगेन्द्रबहादुर क्षेत्री, बुहारीहरु शुरजित, संझना र बिनीता छोरी सुशीला र ज्वाई कृष्ण तिमिल्सिना समेतका परिवारजनमा धैर्य धारण गर्ने शक्ति इश्वरले प्रदान गरुन भन्ने कामना गर्दै भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

देबराज बराल
अध्यक्ष
एवं
कुमार के.सी.
महासचिव

श्री जनकल्याण समिति परिवार
पोखरा-१३, शिवकोस्थान